# दाँतसम्बन्धी: मुखबाट औषधि दिएर लठ्याउने
# Dental: Oral Sedation (Nepali)

दन्त चिकित्सकले तपाईंको बच्चाको लागि लठ्याउने औषधि सिफारिस गर्नुहुन्छ। लठ्याउने भन्नाले दन्त चिकित्सकले उनीहरूको दाँतमा उपचार गर्दा तपाईंको बच्चालाई शान्त पार्न मद्दत गर्न औषधि दिनु हो। लठ्याउनाले तपाईंको बच्चालाई कम चिन्तित, अशान्त वा डराएको महसुस गर्न, थप सहज हुन र प्रक्रियाको क्रममा स्थिर रहन मद्दत गर्न सक्छ।

**तपाईंको बच्चालाई बेहोस पारिने छैन।**

हरेक बच्चामा लठ्याउने औषधिको असर फरक फरक देखिन सक्छ। अधिकांश बालबालिका होसमै रहन्छन् र आराम महसुस गर्छन्। अरूहरू हल्का निद्रामा डुब्न सक्छन् तर सजिलै ब्यूँझाउन सकिन्छ। कहिलेकाहीँ, बच्चा रुन सक्छ वा धेरै रिसाउन सक्छ जसले दन्त चिकित्सकलाई प्रक्रिया गर्न गाह्रो हुन सक्छ।

## प्रक्रिया गर्नुभन्दा अगाडि

यदि तपाईं र बच्चाहरू पहिले नै तयार हुनुहुन्छ भने तपाईंको बच्चाले राम्रो गर्नेछ। आफ्नो बच्चालाई शान्त रहन मद्दत गर्न तपाईंले महत्त्वपूर्ण भूमिका खेल्नुहुन्छ। यदि तपाईं शान्त र सकारात्मक हुनुहुन्छ भने, बच्चाहरू धेरै शान्त र कम डराउनेछन्। तपाईंको बच्चालाई लठ्याउने वा लाटो पार्ने खोप दिइदैँछ भन्ने कुरा बच्चालाई थाहा दिने कि नदिने भनेर जान्ने तपाईं सबैभन्दा राम्रो व्यक्ति हुनुहुन्छ। केही बच्चाहरू जान्न चाहन्छन्। अरूका लागि, थाहा पाउनुले झन् डराउन सक्छ।

दन्त चिकित्सालयको कुनै व्यक्तिले तपाईंको बच्चाको अपोइन्टमेन्टको मिति र समय पुष्टि गर्न र कुनै विशेष निर्देशनहरूको समीक्षा गर्न एक दिनअघि तपाईंलाई फोन गर्नेछन्।

 ©2002, संशोधित 2021, Nationwide Children's Hospital क्रमश…

**यदि तपाईंको बच्चा बिरामी छ भने, कृपया अपोइन्टमेन्ट पुन: निर्धारित गर्न क्लिनिकलाई (614) 722-5663 मा फोन गर्नुहोस्।** सबैको सुरक्षाको लागि, अपोइन्टमेन्टको कम्तिमा 2 दिन पहिलेबाट तपाईंको बच्चालाई ज्वरो, चिसो, सिँगान बग्ने वा कानमा संक्रमण हुनु हुँदैन।

अपोइन्टमेन्टको लागि तयारी गर्न:

- अघिल्लो रात, **मध्यरातपछि आफ्नो बच्चालाई केहि पनि खान वा पिउन नदिनुहोस्।** यदि तिनीहरूले प्रक्रियाको दिन बिहानको खाजा वा चमेना खाएका छन् भने, तिनीहरूको पेट खाली हुने छैन र प्रक्रिया पुन: निर्धारित हुनेछ।

अपोइन्टमेन्टको दिनमाः

- यदि तपाईंको बच्चाले चिकित्सकले लेखिदिएको औषधि खानुपर्छ भने, क्लिनिकमा आउनुभन्दा 2 घण्टा अगाडि बच्चाले पानीको एक घुड्कासँग खान सक्छ।
- तपाईंको बच्चाले आफूलाई शान्त पार्न मद्दतको लागि खेलौना जनावर वा कम्बल ल्याउन सक्छन्।
- यदि तपाईंले अपोइन्टमेन्टमा अरू बच्चाहरूलाई ल्याउनु पर्नेछ भने, ती बच्चाहरूलाई हेर्नको लागि अर्को वयस्कलाई लगाउनुहोस् ताकि तपाईंले आफ्नो बच्चालाई पूर्ण ध्यान दिन सक्नुहोस्।
- यदि तपाईं अपोइन्टमेन्टमा जाँदा गाडी चलाउनुहुन्छ भने, आफूसँग अर्को वयस्क ल्याउनुहोस्। घर फर्किंदा एउटाले गाडी चलाउनेछ र अर्कोले गाडीमा तपाईंको बच्चालाई हेर्न सक्छ।

## प्रक्रियाको दिन

जब तपाईं दन्त चिकित्सालयमा पुग्नुहुन्छ, तपाईंले यी चरणहरू पार गर्नुहुनेछ:

1. सोधपुछ कक्षमा रहेको व्यक्तिले तपाईंको तस्विर सहितको आईडी (पहिचान) र बीमा जानकारीको बारेमा सोध्नेछन् र तपाईंलाई सहमति फारममा हस्ताक्षर गर्न भन्नेछन्। त्यसपछि तिनीहरूले तपाईंको बच्चालाई हातमा लगाउनको लागि आईडी ब्रेसलेट प्रिन्ट गर्नेछन्।
2. दन्त सहायकले निम्न गर्नेछन्:
   - तपाईंहरू दुवैलाई एउटा निजी कोठामा लैजानुअघि तपाईंको बच्चाको तौल नाप्ने। तपाईंको बच्चाको बाँकी भेट यो कोठामा हुनेछ।
   - तपाईंको बच्चाको महत्त्वपूर्ण संकेतहरू जाँच्ने। तिनीहरूले बच्चाको रक्तचाप र मुटुको धड्कन (हृदयको धड्कन कति छिटो हुन्छ) को अभिलेख राख्नेछन्। रगतमा

अक्सिजनको मात्रा नाप्न पल्स अक्सिमिटरको प्रयोग गरिनेछ। महत्त्वपूर्ण संकेतहरू तपाईंको बच्चाको स्वास्थ्य मूल्याङ्कन गर्ने तरिका हो। प्रक्रियाको क्रममा प्रत्येक 5 मिनेटमा र त्यसपछि तपाईं घर जानुअघि ती संकेतहरू जाँचिन्छन्।

3. त्यसपछि दन्त चिकित्सक भित्र आउनेछन् र:
   - तपाईंको बच्चाको मुटु र फोक्सोको चाल सुन्छन् र उनीहरूको मुखको जाँच गर्छन्।
   - तपाईंको बच्चाको स्वास्थ्य र पारिवारिक विवरणबारे सोधपुछ गर्छन्। थाहा पाउनुपर्ने केही महत्त्वपूर्ण कुराहरूः
     - के तपाईंको बच्चा गतहप्ता चिसो, रूघा वा अन्य रोगबाट बिरामी भएको छ?
     - के तिनीहरूलाई पहिले कहिल्यै सास फेर्नमा, मुटु, रक्तस्राव वा अन्य समस्याहरू भएको छ?
     - के तिनीहरूलाई कुनै एलर्जी छ?
     - तपाईंको बच्चाले कुन कुन औषधिहरू खान्छ, जडिबुटी र भिटामिन सहित?
     - के तपाईंको बच्चाको महिनावारी हुन्छ र उनीहरू यौनिक गतिविधिमा सक्रिय छन्? यदि त्यसो हो भने, उनीहरूले गर्भ रहे नरहेको परीक्षण गर्नेछन् किनभने केही औषधिहरूले गर्भमा रहेको बच्चालाई हानी पुऱ्याउन सक्छ।
   - लठ्याउने कुन औषधि प्रयोग गरिनेछ भनी व्याख्या गर्नुहोस् र आफ्नो बच्चालाई दिनुहोस्। कहिलेकाहीँ तपाईंले औषधि दिन मद्दत गर्नुहुनेछ।
     - यो झोल हुनेछ, कपबाट पिएर वा मुखमा छर्किने वा चक्की हुनेछ।
     - कहिलेकाहीँ नाकमा छर्किने स्प्रे धेरै छिटो प्रक्रियाहरूको लागि प्रयोग गरिन्छ।

4. तपाईंको बच्चालाई लठ्याउने औषधि दिएपछिः
   - तपाईं लबीमा जानुहुनेछ र दन्त चिकित्सकले प्रक्रिया समाप्त नगरेसम्म पर्खनुहुनेछ।
   - लठ्याउने औषधिले काम गर्न 15 देखि 45 मिनेटसम्म लाग्छ। यसले तपाईंको बच्चालाई निम्न हुन सक्छ:
     - निद्रा लाग्ने, चक्कर लाग्ने, अस्थिर, लोसे
     - अति सक्रिय, उत्तेजित, चिडचिडापन

– बिर्सने र दन्त चिकित्सालयमा भएका विवरणहरू याद नगर्ने

- तिनीहरूको गिजा र दाँत पनि लाटो हुनेछ। लठ्याउने र लाटो बनाउने औषधिहरू दिँदा पनि, बच्चा रुन, रिसाउनु वा रिस देखाउनु सामान्य कुरा हो।


**चित्र 1** दाँतको उपचार गरिरहँदा पापोज बोर्डले तपाईंको बच्चालाई सुरक्षित राख्छ।

- तिनीहरू हडबडाउन सक्छन्, स्थिर रहन सक्दैनन् वा प्रक्रियाको क्रममा आफूलाई वा अरूलाई हानी पुर्याउन सक्छन्। तिनीहरूलाई सुरक्षाको लागि पापोज बोर्ड वा कम्बलमा (चित्र 1) बेर्न सकिन्छ।

5. दन्त चिकित्सकले प्रक्रिया समाप्त गरेपछि:
   - तपाईंको बच्चा सामान्य भएपछि तपाईं कोठामा फर्कनुहुनेछ। तिनीहरू केही समयको लागि तन्द्रामा हुन्छन्, प्रायः 30 मिनेटदेखि एक घण्टासम्म।
   - दन्त सहायकले तपाईं घर जानुअघि तपाईंको बच्चाको महत्वपूर्ण संकेतहरू जाँच गर्नेछन्।

**घरका लागि निर्देशनहरू**

तपाईंको बच्चालाई बाँकी दिनको समयमा निद्रा लाग्नु सामान्य कुरा हो। सुरक्षाको लागि, आफ्नो बच्चालाई:

- कोल्टे वा उत्तानो परेर आफ्नो चिउँडोलाई झुकाएर आराम गर्न लगाउनुहोस्, वा सुत्न लगाउनुहोस्। बाँकी दिनको समयमा खेल्ने, दौडने र खेलकुद जस्ता कुनै गाह्रो गतिविधिहरू गर्न नदिनुहोस्।
- सामान्य अनुभूति नफर्केसम्म तिनीहरूको ओठ, गाला वा जिब्रोलाई टोक्ने, कन्याउने वा चोट नपुर्याउन सावधान रहनुहोस्। लट्ठिएको अनुभूति 2 देखि 4 घण्टासम्म रहन सक्छ।
- चिसो, सङ्लो झोलकुरा, जस्तै पानी, ब्रोथ वा 100% स्याउको पातलो रस पिलाउन सुरु गर्नुहोस्।
- हल्का र नरम खानेकुराहरू खान दिनुहोस्, जस्तै दही वा स्याउको सस। पिज्जाजस्ता मसालेदार र साह्रो खानेकुराहरू नदिनुहोस्। खाना खाएपछि पानीले मुख कुल्ला गर्न लगाउनुहोस् तर थुक्नु हुँदैन।

- गिजा निको नभएसम्म स्ट्र प्रयोग नगराउनुहोस् वा मुखमा कडा चीजहरू हाल्न नदिनुहोस्।
- दुखाइको लागि, आवश्यकताअनुसार एसिटामिनोफेन (Tylenol®) वा आइबुप्रोफेन (Motrin®) खान दिनुहोस्। तपाईंको बच्चाको उमेरका लागि सही मात्रा थाहा पाउन बोतलमा भएको लेबल पढ्नुहोस्। वयस्कहरूलाई एस्पिरिन वा अन्य कुनै औषधि नदिनुहोस्।

**दन्त चिकित्सकलाई कहिले सम्पर्क गर्ने**

दन्त चिकित्सकलाई फोन गर्नुहोस् यदि तपाईंको बच्चालाई:

- निल्नलाई समस्या भएमा, 4 घण्टा वा बढी समयसम्म पिएको छैन वा धेरै बिरामी देखिन्छ भने।
- 2 दिन पछि मुख वा बङ्गारा दुख्यो भनेमा, तपाईंले सुन्निएको देख्नुभएमा वा तपाईंको बच्चालाई 102° F (38.9° C) भन्दा बढी ज्वरो आएको छ भने।

**सास फेर्नमा वा ब्युझाँउन समस्या हुन्छ भने 911 मा फोन गर्नुहोस् वा आपतकालीन विभागमा जानुहोस्।**